गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९८५८०२०१४४
९८६७४१००५२

प.सं. ०७९/०८० (योजना शाखा)
च.नं. ५४५

मितिः २०७९/०८/१५

विषयः उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्न आउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
गुराँस गाउँपालिका, दैलेख ।

प्रस्तुत सम्बन्धमा यस गुराँस गाउँपालिका कार्यालयबाट आ.व. २०७९/०८० को लागि स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतका भवन निर्माण तर्फका सबै योजना र भवन बाहेकका अन्य रु. १० लाख भन्दा तलका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन तथा सञ्चालन गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिमको प्रक्रियाबाट उपभोक्ता समिति गठन गरी देहायका कागजातहरु सहित मिति २०७९ मंसिर २९ गते भित्र गाउँ पालिकाको कार्यालयमा योजना सम्झौता गर्न पठाई दिनुहुन अनुरोध छ ।

तपसिल

१. आम भेला हुने मिति, स्थान र समय खुलाई कम्तिमा ७ (सात) दिन अगावै सार्वजनिक रुपमा सूचना टाँस गरी जानकारी गराउने ।

२. उपभोक्ता समिति गठन, आयोजना कार्यान्वयन स्थलमा भेला भई गर्नु पर्ने ।

३. वडास्तरीय आयोजना सञ्चालनको लागि सम्बन्धित वडाको अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

४. गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

५. प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट अधिकतम सहभागिता ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ ।

६. समावेशी सिद्धान्तको अवलम्वन गरी कम्तिमा महिला ३३ प्रतिशत र दलित वा अल्पसंख्यकको पनि अनिवार्य प्रतिनिधित्व हुनुपर्नेछ । समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा एक जना महिला पदाधिकारी हुनु पर्नेछ ।

बम बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९८५८०२०१४४
९८६७४१००५२

प.सं. ०७९/०८० (योजना शाखा)
च.नं. ५४५

७. एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्यमा हुन पाउने छैन र एका घरका संगोलका व्यक्तिहरुबाट एउटै उपभोक्ता समितिमा बस्न पाइने छैन ।

उपभोक्ता समितिका सदस्यहरुको योग्यता

१. सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

२. १८ बर्ष उमेर पुरा भएको,

३. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

४. सरकारी बाँकी बक्यौता वा पेश्की फछर्यौट गर्न बाँकी नरहेको,

५. अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,

६. जनप्रतिनिधि, राजनितिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिमा बस्न पाउने छैन ।

सम्झौता गर्न आवश्यक पर्ने कागजातहरु

१. उपभोक्ता समिति तथा स्थानीय अनुगमन तथा सहजिकरण समिति गठन गरेको आम भेलाको निर्णय प्रतिलिपि ।

२. उपभोक्ता समितिका सबै पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि ।

३. उपभोक्ता समितिका पदाधिकारीहरुको तीन पुस्ते विवरण ।

४. योजनाको प्राविधिक लागत अनुमान, डिजाइन र ड्रोइङ ।

५. उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ।

६. आयोजना कार्यान्वयको कार्य तालिका ।

७. खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु ।

८. वडा कार्यालयको सिफारिस ।

बोधार्थ:

१. श्री प्राविधिक शाखाः लागत अनुमान, डिजाइन र ड्रोइङ तयार गर्न हुन ।

२०८०।८।१४

..........................
(बम बहादुर के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत